# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६ संख्याः११ मितिः २०७९।०५।३०

**भाग–२**

**मालिकार्जुन गाउँपालिका**

| | |
|---|---|
| **गाउँकार्यपालिकाबाट स्वीकृत मिति** | २०७९।०५।२७ |

**मालिकार्जुन गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी,२०७९**

**प्रस्तावनाः**

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ बमोजीम मालिकार्जुन गाउँपालिका क्षेत्र भित्रका फर्महरुलाई दर्ता नविकरण तथा स्वचिकृत गर्न स्थानीय सरकारलाई दिएको अधिकार प्रयोग गरि मालिकार्जुन गाउँपालिका भित्र रहेका निजि र सरकारी क्षेत्रको भूमिकालाई महत्त्व दिदै उपलब्ध साधन श्रोतको अधिकतम परिचालन गरि आर्थिक समृद्धि हासिल गरि बहुसंख्यक जनाताको पहुँचमा स्थापना गर्ने, उद्योग व्यवसाय प्रबर्द्धन,विस्तारका साथै गुणस्तरीय एंव विश्वसनीय सेवा प्रभाव तथा उत्पादनगर्ने उद्धेश्य राखि मालिकार्जुन गाउँपालिका क्षेत्र भित्र संचालित एवं संचालन हुने विभिन्न व्यवसायिक गतिविधीहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुर्याउने स्वच्छ मर्यादित र प्रतिस्पर्धात्मक बजारमा प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न र स्थानीय सरकार र आम व्यवसायीहरु बीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले मालिकार्जुन गाउँपालिका द्धारा यो कार्यविधी गाउँ कार्यपालिकाको बैठक **मितिः** २०७९।०५।२७ गते देखि जारी गरिएको छ ।

**परिच्छेद - १**

**प्रारम्भिक**

**<u>१)संक्षिप्त नाम र प्रारम्भः</u>**

क)यो कार्यविधीको नाम मालिकार्जुन गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी २०७९ रहनेछ ।

ख) यो कार्यविधी तुरुन्त लागु हुने छ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

क) **"गाउँपालिका"**भन्नाले नेपालको संबिधान बमोजिम गठन भएको मालिकार्जुन गाउँपालिकालाई सम्झनु पर्ने छ ।

ख) **"कार्यालय"**भन्नाले मालिकार्जुन गाउँपालिकाको कार्यालय सम्झनु पर्ने छ ।

ग) **"कार्यपालिका"**भन्नाले मालिकार्जुन गाउँ कार्यपालिकाका सदस्यहरुलाई सम्झनु पर्ने छ ।

घ) **"गाउँ सभा"** भन्नाले मालिकार्जुन गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्ने छ ।

ङ) **"अध्यक्ष"** भन्नाले मालिकार्जुन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्ने छ ।

च) **"उपाध्यक्ष"** भन्नाले यस मालिकार्जुन गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्ने छ ।

छ) **"वडा कार्यालय"**भन्नाले मालिकार्जुन गाउँपालिका अन्तरगत ८ वटै वडा कार्यालयहरु सम्झनु पर्ने छ ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस मालिकार्जुन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्ने छ ।

झ) **"उद्योग बिकास शाखा"**भन्नाले यस मालिकार्जुन गाउँपालिकामा रहेको व्यवसाय दर्ता नविकरण उद्यमि श्रृजना तथा उद्यमि हरुको स्थरोन्नति गर्ने शाखालाई सम्झनु पर्ने छ ।

ञ) **"वडा समिति"** भन्नाले यस मालिकार्जुन गाउँपालिकाको ८ वटै वडाहरुका समितिहरुलाई सम्झनु पर्ने छ ।

ट) **"व्यवसायी"** मालिकार्जुन गाउँपालिका भित्रका सम्वन्धीत व्यवसाय गर्ने व्याक्ति वा संस्थालाई सम्झनु पर्ने छ ।

ठ) **"कार्यविधी"** भन्नाले व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी २०७९ लाई सम्झनु पर्ने छ ।

**३) क्षेत्रः** यस गाउँपालिका क्षेत्र भित्र सबै उद्योग व्यवसाय गर्ने व्यवसायीहरुलाई कार्यविधीले समिट्ने छ ।

**४) विषयगत क्षेत्रहरुः** विषयगत क्षेत्र अन्तरगत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्ने छन् ।

क) दैनिक उपभोग्य सामग्रीहरु थोक तथा खुद्रा पसल ।
ख) होटल व्यवसाय ।
ग) पशुपन्छी फर्म ।
घ) कृषि फर्म ।
ङ) औषधी पसल ।
च) माछा पालन ।
छ) होजियारी स्वीटर बुनाई
ज) सिलाई ।
झ) मौरीपालन ।
ञ) स्टेशनरी पसल ।
ट) हार्डवाईर ।
ठ) फैन्सी तथा कपडा पसल ।
ड) हेयर कटिङ ।
ढ) स्थानिय श्रोतमा आधारित अल्लो प्रशोधन, बास निगालो, साबुन तथा उत्पादनमुलक उद्योग अदि ।
ण) फर्निचर ।
त) श्रृङ्गार तथा ब्युटिपालर्स ।
थ) ग्रिल उद्योग ।
द) आरन व्यवसाय ।
ध) डेरी ।
न) ईलेक्ट्रोनिक ।

प) घ वर्ग ईजाजत (लाईसेन्स) पत्र आदि ,

फ) काष्ट तथा गैर काष्ट बनमा अधारित उद्योग हरु

ब) सुन चादि पसल

## परिच्छेद -२

## व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

**५) व्यवसाय दर्ता प्रकृयाः**

क) **व्ययासय दर्ता गर्नुपर्नेः** प्रत्येक व्यवसायिले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नु पर्ने छ ।

ख) **सुचना प्रकाशन गरिनेः**व्यवसाय दर्ता तथा नविकरण तथा सुचिकृतको लागि वडा कार्यालय मार्फत तथा स्थानिय संचारका माध्यमबाट सुचना प्रकाशन गरिने छ ।

ग) तोकिएको समय भित्र व्यवसाय दर्ता गरिने संचालनमा रहेका सम्पुर्ण व्यवसाय अनिवार्यरुपमा दर्ता गर्नु पर्ने छ ।व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य व्यवसाय दर्ता गरि सक्नु पर्ने छ ।

**६) दर्ताका लागि आवश्यक कागजातहरुः**

६.१ व्यवसाय दर्ताका लागि व्यवसायीहरुले देहायका कागजातहरु सहित अनुसुची १ बमोजिमको ढाँचामा गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

क) हालसालै खिचेको २ प्रति फोटो ।

ख) नागरिताको प्रमाण पत्रको प्रतिलिपी ।

ग) वडा कार्यालयको सिफारिस ।

घ) व्यवसाय संचालन हुने जग्गाको जग्जाधनी प्रमाण पत्र (लालपुर्जा)को प्रतिलिपी ।

ङ) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मुञ्जुरीनामा ।

च) उद्योगको हकमा संधियारको मञ्चुरीनामा ।

**७) प्रमाण पत्र सम्बन्धी व्यवस्थाः**

क) माथि ६.१मा उल्लेखित कागजात प्राप्त भईसके पश्चाप तोकिएको दस्तुर लिई कार्यालयले अनुसुचि ३ बमोजिमको ढाँचामा **प्राईभेट फर्म दर्ता प्रमाण पत्र**_दिईनेछ ।

**<u>८) व्यवसाय नविकरण सम्बन्धी व्यवस्थाः</u>**

प्रत्येक व्यवसायीले आर्थिक बर्षको श्रावण महिनाको मसान्त सम्म आफ्नो व्यवसाय गाउँकार्यपालिकाबाट नविकरण गरिसक्नु पर्ने छ । व्यवसाय नविकरणको प्रमाण पत्र कार्यालयले व्यवस्था गरे बमोजिम हुने छ ।

**<u>९) व्यवसाय दर्ता र नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः</u>**

क) व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी शुल्क तथा दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाँउकार्यपालिकाले निर्धारण गरे बमोजिम हुने छ ।

ख) अनुसुचि ४,५,६ मा उल्लेखित भए बमोजिमको व्यवसाय दर्ता शुल्क दस्तुर लिईने छ ।

ग) आ.व. समाप्त भएपछि व्यवसाय दर्ता तथा नविकरण शुल्कमा गाँउकार्यपालिकाले पुनरावलोकन गर्न सकिने छ ।

घ) पुनरावलोकन गरिएको व्यवसाय दर्ता तथा नविकरण शुल्क सम्बन्धी जानकारी स्थानिय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिने छ ।

## परिच्छेद -३

## अनुगमन तथा कारबाहीः

**<u>१०) मुल्य सुची सम्बन्धी व्यवस्थाः</u>**

सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरि मूल्य सूची राख्नु पर्ने छ ।

मूल्य सूची पाटी राख्नु पर्ने छ ।

**<u>११) बजार अनुगमन सम्वन्धी व्यवस्थाः</u>**

क )यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वच्छ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिने छ । यस कार्यबिधि अनुसार दर्ता तथा सुचिकृत गरिएका प्राइरभेट फर्म तथा उद्योग हरुको अनुगमन गर्नको लागि तपिशल बमोजिमको अनुगमन समिति रहने छ ।

१) गाउँपाललिकाको उपाध्यक्ष – संयोजक

२) संयोजकले तोकेको स्थानिय स्तरको उद्योग बाणिज्य संघ वा बजार व्यवस्थापन समिति को प्रतिनिध – सदस्य

३) स्थानिय स्तरको सुरक्षा निकायको प्रतिनिधि – सदस्य

४) राजश्व शाखाको प्रतिनिधि – सदस्य

५) उद्योग बिकास शाखा प्रमुख –  सदस्य सचिव

**१२) व्यवसाय फर्म तथा बजार अनुगमन समितिको काम कर्तव्य र अधकार**

क )यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वच्छ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिने छ ।  यस कार्यबिधि अनुसार  दर्ता तथा सुचिकृत गरिएका प्राइरभेट फर्म तथा उद्योग हरुको अनुगमन गर्नको लागि गठित काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।

१)  मालिकार्जुन गाउँपालिका वा अन्य निकायमा दर्ता गरिएका उद्योग फर्म हरुको नियमित अनुगमन गर्ने ।

२)  व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी,२०७९ अनुसार व्यसाय तथा फर्म हरु दर्ता सुचिकृत नगरि संचालन गर्ने व्यवसाय उद्योगि हरु लाइ दण्ड जरिवाना गर्ने ।

३)  व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी,२०७९ अनुसार व्यसाय तथा फर्म हरु दर्ता गरि काम गर्ने व्यापारि तथा उद्योगि हरु लाइ पुरुसकृत गरि थप व्यवसाय गर्नको लागि प्रेरित गर्ने ।

**१३)  दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्थाः**

देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सक्ने छ ।

क)  निषेध गरिएका सामग्रीहरु बेचविखन तथा उत्पादन गरेमा ।

ख)  काला बजारी गरेमा ।

ग)  गुणस्तरहीन सामग्रीहरु बेचबिखन  तथा उत्पादन गरेमा ।

घ)  म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा ।

ङ)  चर्को मुल्यमा सामग्रीहरु बेचविखन गरेमा ।

च)  प्रदुषित, फोहर सामग्रीहरु बेचविखन गरेमा ।

**१४) व्यवसाय नामसारी सम्बन्धी व्यवस्थाः** देहायको अवस्थामा  व्यवसायलाई नामसारी गर्न सक्ने छ ।

| विवरण | दस्तुर शुल्क |
|---|---|
| क)  आफ्नो व्यवसाय परिवारका सदस्यहरुको नाममा | **५००।-** |
| ख)  आफ्नो व्यवसाय परिवारका सदस्य वाहेक अरुको नाममा | **१०००।-** |

**१५) कारबाही र जरिवाना सम्बन्धी व्यवस्थाः**

(१) बजार अनुगमनको क्रममा देहाएको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिने छ ।

| विवरण | जरिवाना |
|---|---|
| क) तोकेको समयमा व्यवसाय नविकरण नगरेमा **१०%**प्रतिशत बक्यौदा (हर्जना) लाग्ने छ । | |
| ख) मूल्य सूची नराखेमा | २०००।- |

ग) प्रमाण पत्र नराखेमा २०००।-

घ) गुणस्तरहीन सामग्रीहरु बेचविखन गरेमा ५०००।-

ङ) म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा ५०००।-

च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा ५००० ।-

छ) प्रदुषित फोहोर सामग्रीहरु बेचविखन गरेमा ५००० ।-

(२) उपदाफा (१) बमोजिम जरिवाना गरिसके पश्चाप पनि कुनै व्यवसायले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा व्यवसायीलाई सोही कसुर दोब्बर जरिवाना गरिने छ ।

## परिच्छेद - ४

**१६) बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**

क) यो कार्यविधी कार्यान्वियनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाँउकार्यपालिकाले आवश्यकता अनुसार थपघट हेरफेर वा संशोधन गर्न सकिने छ ।

ख) यस कार्यविधिको कार्यान्वियनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ ।

**१७) विशेष व्यवस्थाः** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँकार्यपालिकाले बनाएको अर्को ऐन, कानुनले यसै कार्यविधीमा भएको व्यवस्था पूर्ण रुपमा सक्रिय रहने छन् ।

अनुसूची १

दफा ६ सँग सम्बधीत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मितिः ....................

मालिकार्जुन गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

<u>विषयः व्यवसाय दर्ता गरि पाउँ।</u>

महोदय,

उपरोक्त विषय सम्बन्धमा निवेदन यस प्रकार गर्दछु की, मालिकार्जुन गाउँपालिका वडा न. ....................................मा ......................................................................नामकोव्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार आवश्यक कागजात संलग्न रहेको हुदा यो व्यवसाय दर्ता गरिदिन हुन श्रीमान समक्ष यो निवेदन पेश गर्दछु।

<u>आवश्यक कागजातहरुः</u>

१. हालसालै खिचेको २ प्रति फोटो।
२. रु १० को टिकट।
३. नागरिता प्रमाण पत्रको प्रतिलिपी।
४. वडा कार्यालयको सिफारिस।
५. व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी र नागरिताको प्रतिलिपि ।
६. अर्काको नाममा भएको जग्गामा व्यवसाय संचालन गर्न दिएमा जग्गाधनीको मञ्जुरीनामा वा सम्झौता।
७. उद्योगको हकमा सधियारको मञ्जुरीनामा।
८. चारकिला प्रमाणित वडा कार्यालयबाट।
९. २ प्रति रेकर्ड फाईल।

**<u>निवेदकः</u>**

नामः

ठेगाना

अनुसूची २

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मितिः ....................

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल ।

**विषयः व्यवसाय नविकरण ÷सुचिकृत गरि पाउँ ।**

महोदय,

उपरोक्त विषय सम्बन्धमा निवेदन यस प्रकार गर्दछुकी, मालिकार्जुन गाउँपालिका वडा न. .............मा ....................................................................नामको व्यवसाय नियमानुसार आवश्यक कागजात संलग्न रहेको हुदा यो व्यवसाय नविकरण÷सुचिकृत गरिदिन हुन श्रीमान समक्ष यो निवेदन पेश गर्दछु ।

आवश्यक कागजातहरुः

१. व्यवसाय दर्ता गरेको सक्ल प्रमाण पत्र ।
२. करचुक्ता प्रमाण पत्र को प्रतिलिपि ।
३. नागरिक्ताको प्रतिलिपी
४. पासपोट साइजको फोटो २ प्रति

**निवेदकः**
**प्रोपाईटरः**
**ठेगानाः**

अनुसूची ३

**मालिकार्जुन गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**शंकरपुर, दार्चुला**
**सुदुरपश्चिम प्रदेश नेपाल**

मितिः.................

**दर्ता नं :...........**

**दर्ता मिति : ..........**

**<u>विषय : प्राईभेट फर्म दर्ता प्रमाण पत्र ।</u>**

**व्यवसाय/फर्मको नाम** ............

**प्रोप्राइटरको नाम :**................

**ठेगाना :................**

**व्यवसाय रहेको स्थान :** *...............*

**व्यवसाय रहेको बाटोको नाम:**............

**फर्मको उद्धेश्य:................**

**उत्पादन वा कारोबार शुरु हुने मिति :**................

**व्यवसाय रहेको घर नं :**.........

**कूल पूँजी:** ................**स्थिर :................ चालु**

**बार्षिक उत्पादन क्षमता :**................

**प्रमाण पत्र जारि गर्ने कार्यालय :...............**

**व्यवसायको इमेल:**

**फोन नं:**................

**प्यान नं:**

**दर्ता रहेको अन्य निकाय:**

**निकाय:**

**दर्ता नं:**

**मिति:**

नोट : यो प्रमाणपत्र मालिकार्जुन गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्य बिध २०७९को दफा ७ बमोजिम प्रदान गरिएको छ ।

..........................

**प्रमुख प्रशासकीय अधिकृत**

| नविकरण मिति | असुली आ.व. | रसिद नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | …… असार मसान्त सम्म नविकरण गरिएको छ। |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट: यो प्रमाण पत्र जारी भएको मितिले एक वर्षसम्मका लागि वहाल रहने हुँदा प्रत्येक वर्ष श्रावण मसान्तभित्र नियमानुसार नविकरण नगराएमा जरिवाना तथा थप दस्तूर लाग्नेछ।

<u>अनुसूची - ४</u>

**<u>व्यवसायकरः</u>**

**<u>अनुसूचि ५ नरहेका र पूँजिका आधारमा तपशिल बमोजिम को शुल्क लाग्ने छ ।</u>**

| | | | |
|---|---|---|---|
| | नयाँ व्यवसाय दर्ता | १लाख सम्म | १000.00 |
| | | १ लाख १ देखि २ लाख सम्म | १५00.00 |
| | | २ लाख १ देखि ३ लाख | २000.00 |
| | | ३ लाख १ देखि ४ लाख | २५00.00 |
| | | ४लाख१देखि५लाख | ३000.00 |
| | | ५ लाख १ देखि १० लाख | ५000.00 |
| | | १० लाख १ देखि माथि | ७000.00 |
| | व्यवसाय नविकरण | सबै (मदिरा र सूर्तिजन्य वाहेक) | ५००.०० |
| | | (मदिरा र सूर्तिजन्य) | १००००.०० |
| | | (मदिरा र सूर्तिजन्य) सिफारिस | १०००.०० |
| | | बक्यौदा (हर्जना ) | १०% लाग्ने छ । |

**अनुसुची -५**

**<u>विशिष्ठ प्रकृतिकाः</u>**

| सि.नं. | व्यवसायको प्रकार | दर्ता शुल्क | नबिकरण शुल्क | सुचिकिर्त शुल्क |
|---|---|---|---|---|
| १ | **व्यापारीक वस्तु** | | | |
| | चुरोट बिक्री गर्ने थोक विक्रेता | १५00 | ७५० | ७५० |
| | चुरोट बिक्री गर्ने खुद्रा विक्रेता | ३00 | १५0 | १५0 |
| २ | **भिडियो रेकडर्स प्लेयर आदिको थोक तथा खुद्रा व्यवसाय** | | | |
| | सम्पुर्ण ईलेक्ट्रोनिक पसल | १000 | ५00 | ५00 |
| | साउन्ड सिस्टम भाँडामा दिने व्यवसायीहरु | १000 | ५00 | ५00 |
| ३ | **निर्माण व्यवसायी** | | | |

| | | | | |
|---|---|---|---|---|
| | हार्डवेयर निर्माण सामाग्री तथा रंगरोगन सामाग्रीसहित | १५०० | ७५० | ७५० |
| | हार्डवेयर निर्माण सामाग्री मात्र | १००० | ५०० | ५०० |
| ४ | **कम्प्युटर र अन्य ईलेक्ट्रोनिक्स सामान** | | | |
| | कम्प्युटरर सोका पार्ट बिक्री गर्ने, साउण्ड सिस्टम, प्रशिक्षण तथा साईवर संचालन गर्ने | १००० | ५०० | ५०० |
| | मोबाईल ग्यालरी, मोबाइल सेट बिक्री तथा मर्मत | १००० | ५०० | ५०० |
| | मोबाईल मर्मत मात्र | २०० | १०० | १०० |
| | फ्रिज ,कुलर, राईस कुकर ,रेडियो, घडी, हिटर ,विद्युत सामग्री बिक्री पसल | ५०० | २५० | २५० |
| ५ | **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापार** | | | |
| | पेट्रोल पम्प | ५००० | २५०० | २५०० |
| | ड्रममा पेट्रोलियम पदार्थ बिक्रेता बाट तेल बेच्ने | ५०० | २५० | २५० |
| ६ | **दैनिक उपभोगका खाद्य पदार्थ , कपडा आदिका थोक तथा खुद्रा व्यापार** | | | |
| | किराना पसल मात्र | ३०० | १५० | १५० |
| | किरानासहित अन्य पेय पदार्थ भएको खुद्रा पसल | ५०० | २५० | २५० |
| | खाद्यान्न बिक्री पसल | ५०० | २५० | २५० |
| | एकै पसल भित्र एकभन्दाबढी व्यवसाय गर्ने | ५०० | २५० | २५० |
| | खाना पसल | ५०० | २५० | २५० |
| ७ | **सवारी साधन मर्मत तथासम्भार गर्ने** | | | |
| | मोटरसाइकल मर्मतका साथै सोका पार्टस बिक्री गर्ने पसल | १००० | १००० | १००० |
| | गाडीका टायर मर्मत तथाहावा भर्ने | ५०० | २५० | २५० |
| | मोटरसाईकल बिक्रेता | ५००० | २५०० | २५०० |
| ८ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| | चिकित्सक | १००० | ५०० | ५०० |
| | कविराज वैद्य | ५०० | २५० | २५० |
| | कानुन व्यवसायी | ५०० | २५० | २५० |
| | लेखापरीक्षक घ वर्ग | ५०० | २५० | २५० |

| | | | | |
|---|---|---|---|---|
| | दन्त चिकित्सक | ५०० | २५० | २५० |
| | अनुसन्धान कर्ता र परामर्शदाता (डिजाईनर) | १००० | ५०० | ५०० |
| | कम्प्युटर एनालिष्ट र प्रोगाम | ५०० | २५० | २५० |
| | बिमा एजेन्ट | ५०० | २५० | २५० |
| | सर्भेयर | ४०० | २०० | २०० |
| | अनुवादक | ४०० | २०० | २०० |
| | पशु चिकित्सक | १००० | ५०० | ५०० |
| | सामान ढुवानीकर्ता तथा कम्पनि स्थानिय | ५०० | २५० | २५० |
| | संस्थागत पेन्टर स्थानिय | २०० | १०० | १०० |
| | लेखापढी व्यवसाय | २०० | १०० | १०० |
| ९ | **निर्माण व्यवसायी** | | | |
| | **'घ'** श्रेणीका निर्माण व्यवसायी (दर्ता) | १५००० | ७५०० | ७५०० |
| | **'घ'** श्रेणीका निर्माण व्यवसायी (नविकरण) | ३००० | १५०० | १५०० |
| | **'घ'** श्रेणीका निर्माण व्यवसायी (प्रतिलिपी) | ५०० | २५० | २५० |
| | **'घ'** श्रेणीका निर्माण व्यवसायी (विलम्ब शुल्क) | ५००० | २५०० | २५०० |
| १० | **उत्पादनमुलक उद्योग** | | | |
| | चिउरा उद्योग | ५०० | २५० | २५० |
| | सिमेन्ट उद्योग | १०००० | ५००० | ५००० |
| | गलैचा उद्योग | १००० | ५०० | ५०० |
| | ग्रिल ,सटर, ट्रस बनाउने आदि | १००० | ५०० | ५०० |
| | पशुपंक्षिको आहारा उत्पादन गर्ने | ५०० | २५० | २५० |
| | नमकिन,पाउरोटी,बिस्कुट उद्योग | ५०० | २५० | २५० |
| ११ | **उर्जामुलक उद्योग** | | | |
| | सोलार पावर बिक्री पसल | १००० | ५०० | ५०० |
| १२ | **कृषि तथा वनजन्य उद्योग** | | | |
| | काठ चिरान सम्बन्धि काम गर्ने साना मिल | १००० | ५०० | ५०० |
| | काठ चिरान उद्योग | २००० | १००० | १००० |
| | चिरान मेसीन राखी फर्निचर उत्पादन गर्ने पसल | १००० | ५०० | ५०० |
| | फर्निचर सोरुम | १००० | ५०० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | धान कुट्ने ,गँहु पिस्ने, तोरी पेल्ने उद्योग (मिल) | ५०० | २५० | २५० |
| १३ | **खनिज उद्योग** | | | |
| | पत्थर उत्खनन उद्योग | २००० | १००० | १००० |
| १४ | **पर्यटक आवास, होटेल रेष्टुरेन्ट, रिसोर्ट, ट्राभल्स एजेन्सी** | | | |
| | हल सहित व्यवस्थित गेष्ट हाउस | १००० | ५०० | ५०० |
| | साधारण होटेल | ५०० | २५० | २५० |
| | चिया नास्ता पसल | ५०० | २५० | २५० |
| १५ | **मिठाई तथा भोजनालय** | | | |
| | मिठाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएका | १००० | ५०० | ५०० |
| | मिष्ठान भण्डार पसल | ५०० | २५० | २५० |
| | डेरी पसल | ५०० | २५० | २५० |
| १६ | **छपाई तथा प्रकाशन** | | | |
| | छापाखाना तथा स्टेशनरी | ५०० | २५० | २५० |
| १७ | **विभिन्न किसिमका तालिम गोष्ठी सेमिनार तथा विवाहको लागि हल व्यवस्था गर्ने** | | | |
| | टेन्ट तथा साउन्ड सिस्टम भाँडामा दिने पसल | १००० | ५०० | ५०० |
| १८ | **संचार सेवा** | | | |
| | फ्याक्स फोटोकपी सेन्टर तथा फोटो खिच्ने | ५०० | २५० | २५० |
| | ईमेल ईन्टरनेट सहित साईवर क्याफेको व्यवस्था भएको | ५०० | २५० | २५० |
| | कुरीयर सेवा | २०० | १०० | १०० |
| | एफ.एम. रेडीयोस्टेसनमा वार्षिक | ५०० | २५० | २५० |
| १९ | **वित्तिय सेवा** | | | |
| | नेपाल सरकारका पुर्ण स्वामित्वमा रहेको बाहेक क वर्गका वाणिज्य बैकंहरु | १०००० | ५००० | ५००० |
| | वित्तिय कम्पनिका कार्यालय ख वर्ग | ८००० | ४००० | ४००० |
| | वित्तिय कम्पनिका कार्यालय ग वर्ग | ७००० | ३५०० | ३५०० |
| | वित्तिय कम्पनिका कार्यालय घ वर्ग | ६००० | ३००० | ३००० |
| | ख वर्गका विकास बैकं | ५००० | २५०० | २५०० |

| | | | | |
|---|---|---|---|---|
| | ग वर्गका विकास बैंकं | ५००० | २५०० | २५०० |
| | घ वर्गका विकास बैंकं | ५००० | २५०० | २५०० |
| | मनि ट्रान्सफरका शाखा कार्यालय | २००० | १००० | १००० |
| | बिमा कम्पनी | ५००० | २५०० | २५०० |
| | सहकारी संस्था | १००० | ५०० | ५०० |
| २० | **स्वास्थ्य सेवा** | | | |
| | गैर सरकारी अस्पताल(सम्पुर्ण सेवा प्रदान गर्ने) | ३००० | १५०० | १५०० |
| | क्लिनिक तथा ल्याब | ५०० | २५० | २५० |
| | दन्त क्लिनिक | ५०० | २५० | २५० |
| | अल्ट्रासाउन्ड एक्सरे | ५०० | २५० | २५० |
| | सादा एक्सरे | २५० | २५० | २५० |
| २१ | **तालिम तथा अनुसन्धानकेन्द्र** | | | |
| | कम्प्युटर प्रशिक्षणकेन्द्र | ५०० | २५० | २५० |
| | **अन्य सेवा** | | | |
| | ब्युटिपार्लर | ५०० | २५० | २५० |
| | श्रृङ्गार पसल | ५०० | २५० | २५० |
| | सैलुन | २०० | १०० | १०० |
| | सुन चादि पसल | १०००० | ५००० | ५००० |
| २२ | **फोटो स्टुडीयो** | | | |
| | कलर ल्याव | ५०० | २५० | २५० |
| | फोटो भिडीयो मिक्सीङ गर्ने, सि.डि.तयार गर्न | ५०० | २५० | २५० |
| २३ | **सुचीकार कपडा सिलाई गर्ने** | | | |
| | कपडा सोरुम सहितको टेलरिङ्ग पसल | ५०० | २५० | २५० |
| | टेलरिङग पसल | ४०० | २०० | २०० |
| | आर्ट सेन्टर साधारण | २०० | १०० | १०० |
| २४ | **मासु बिक्रेता** | | | |
| | कुखुराको मासु पसल | ५०० | २५० | २५० |
| | माछा पसल | ३०० | १५० | १५० |
| | खसी बोकाको मासु तथा अन्य पसल | ५०० | २५० | २५० |
| २५ | **खोका डेबरी पसल** | | | |

| | | | | |
|---|---|---|---|---|
| | भाँडाकुडाँ बिक्रेता पसल | ५०० | २५० | २५० |
| | खेलौना उपहार तथा गिफ्ट बिक्रेता | २०० | १०० | १०० |
| | एग्रोभेट सेन्टर | ५०० | २५० | २५० |
| | ग्यास बिक्रेता | १००० | ५०० | ५०० |
| | मोबाईल टावर शुल्क प्रति टावर | २००० | १००० | १००० |
| २६ | **विभिन्न उद्योग** | | | |
| | लघु उद्योग (मसला, नमकीन, पाउरोटी आदी ) | ३०० | १५० | १५० |
| | डेरी फर्म मिठाई समेत भएकोमा | ५०० | २५० | २५० |
| | डेरी फर्म मात्र भएको | ३०० | १५० | १५० |
| | सिलाई कटाँई तालिम केन्द्र | ३०० | १५० | १५० |
| | जुत्ता, चप्पल पसल | ५०० | २५० | २५० |
| २७ | **तरकारी फलफुल खुद्रापसल** | | | |
| | तरकारी फलफुल खुद्रापसल | २०० | १०० | १०० |
| २८ | **औषधि पसल** | | | |
| | औषधि पसल तथा मेडिकल हल | ६०० | ३०० | ३०० |
| | चस्मा बिक्रि पसल | ३०० | १५० | १५० |
| २९ | **पशु तथा कृषि व्यवसायगर्न** | | | |
| | कृषि तथा पशुपालन व्यवसाय व्यक्तिगत (दर्ता) | ५०० | २५० | २५० |
| | कृषि तथा पशुपालन व्यवसाय सहकारी कृषि समुह तथा फर्म(दर्ता) | १००० | ५०० | ५०० |
| | साधारण होटेल, चिया नास्ता पसल,मिठाई पसल,फेन्सी पसल,किराना पसल,खाद्यान्न पसल हरु,पेय पदार्थ | २०० | १०० | १०० |
| | मदिरा व्यवसाय/फर्म सिफारिस दस्तुर | १०००० | ७००० | ७००० |

**अनुसुची -६**

**मालिकार्जुन गाँउपालिकाले लगाउने मनोरञ्जनकर**

| सि.नं. | मनोरञ्जनको प्रकार | दर्ता तथा सफिरस शुल्क | नबिकरण शुल्क | सुचिकृत |
|---|---|---|---|---|
| १ | जादु, सर्कस, चटक आदिमा | २०० | २०० | २०० |

आज्ञाले

सुरज प्रसाद जोशी

प्रमुख प्रशासकीय अधिकृत